☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः

चलानी नं.: ३०६४

मितिः २०७८/०२/२४

श्री वडा कार्यालय सबै,

सूर्यविनायक नगरपालिका ।

विषयः प्रधानमन्त्री रोजगार कार्यक्रम आ. व. (२०७८/७९) को लागि आयोजना छनौट गरी पठाइदिनु हुन।

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएको व्यहोरा अवगतै छ। सोही सम्बन्धमा तहाँ वडा कार्यालयवाट प्रधानमन्त्री रोजगार कार्यक्रमको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथ व्यवस्थापन) कार्यविधिको, २०७७ को दफा ४ बमोजिम आ.व. २०७८/७९ को लागि योजना छनौट गरी मिति २०७८/०२/२७ गते भित्र पठाइदिनुहुन अनुरोध छ। साथै कार्यविधि यसैसाथ संलग्न रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा प्रकाशित गरिदिनु हुन ।

२०७८/२/२४

राजेन्द्र प्रसाद कडेल

(प्रमुख प्रशासकीय अधिकृत)

(छ) "सामुदायिक आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम प्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक रोजगारमूलक आयोजनालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## रोजगारमूलक आयोजनाको प्रकृति

३. आयोजनाको प्रकृति: स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिकमा आधारित देहायका प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्नेछ:

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना:** सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य (क्यास पर कन्सट्रक्सन वर्क) सँग सम्बन्धित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमूलक आयोजना:** स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने (क्यास फर मेन्टेनेन्स वर्क) गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन ।

(ग) **श्रमिकको ज्याला रकममा साझेदारी आयोजना :** सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनामा सूचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला बापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी (लेबर वेज सेयरिङ्ग) गरिने आयोजनाको सञ्चालन ।

(घ) **अन्य सार्वजनिक क्षेत्रका आयोजना :** सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाई सञ्चालन हुने आयोजना ।

## परिच्छेद ३

## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

४. आयोजना तर्जुमा: (१) स्थानीय तहले यस कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) बन तथा जलाधार

- फलफूलको बिरुवा रोपण, वृक्षारोपण तथा बन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरी आयोजना बैंक (प्रोजेक्ट बैङ्क) तयार गर्नु पर्नेछ र यसरी स्वीकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना सञ्चालन गर्नुपर्नेछ ।

तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई स्थानीय तहको वडाको संख्याका आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन ।

(४) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी वा समुदायमा आधारित संस्थाबाट आयोजना सञ्चालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ ।

५. <u>रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण:</u>(१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध हुने गरी दफा ४ बमोजिमका आयोजना कार्यान्बयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथिमिकिकरण गर्दा साझेदारीमा सञ्चालन हुने दफा ३ को खण्ड (ग) का आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमश: तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्नेछ ।